कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको बैठक नं.१७/०७९/०८० मिति २०८०।०२।२४ गतेको एजेण्डा तथा निर्णयहरू

## छलफल गरिने विषयहरू र निर्णयहरू (Agendas and Decisions)

१. **शाखागत प्रगति प्रतिवेदन सम्बन्धमा ।**

**निर्णयः** यस उपमहानगरपालिकाको विभिन्न शाखाको शाखा प्रमुखहरूले २०७९ श्रावण देखि २०८० बैसाख मसान्तसम्म संपादन गरेका कार्यहरूको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

२. **बजेट नीति तथा कार्यक्रम सम्बन्धमा ।**

**निर्णयः** बजेट नीति तथा कार्यक्रम सम्बन्धमा प्रारम्भिक छलफल गरियो ।

३. **कवाडी कर तथा वातावरण संरक्षण कर सम्बन्धमा ।**

**निर्णयः** राजस्व परामर्श समितिको मिति २०८०।०२।२१ गतेको निर्णयानुसारको दर कायम गरी कवाडी कर तथा वातावरण संरक्षण कर लगाउने निर्णय गरियो । साथै आगामी आ.व. २०८०।०८१ को लागि न्यूनतम अंक ७५,००,०००।–(पचहत्तर लाख मात्र) कायम गरी ठेक्का पट्टाको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

४. **राजस्व परामर्श समितिको निर्णय अनुमोदन सम्बन्धमा ।**

**निर्णयः** राजस्व परामर्श समितिको मिति २०८०।०२।२१ गतेको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो।

५. **कलैया हाटबजारमा सटर निर्माण सम्बन्धमा ।**

**निर्णयः** कलैया-१ मा रहेको हाटबजारमा हाल ४(चार) वटा कोठा निर्माण गर्ने तथा निर्माण गर्न न्यूनतम निर्माण सहयोग रु.१५,००,०००।–(पन्ध्र लाख मात्र) कायम गरी खुला सूचना गर्ने तथा बढी निर्माण सहयोग रकम कबोल गर्नेसँग सम्झौता गरी कोठा निर्माण भएपछि निर्माणकर्तालाई व्यापार गर्ने अनुमति दिने साथै निर्माण हुने कोठाहरूको मासिक भाडा रु.५०००।–(पाँच हजार मात्र) कायम गर्ने गर्ने निर्णय गरियो ।

६. **वडा नं.२१ को खानेपानी कम्पाउण्डबाल निर्माण सम्बन्धमा ।**

**निर्णयः** प्रस्ताव माथि छलफल गर्दा मिति २०८०।०१।३० गतेको कार्यपालिका बैठक नं.१५।०७९।८० को निर्णय नं.८ मा वडा नं.२१ मा "भोडाहा खानेपानी कम्पाउण्डवाल" निर्माणको लागि ३० फिट जग्गा छोडी नापी-नक्सा गरी भोडाहा खानेपानी कम्पाउण्डवाल निर्माण गर्ने निर्णय गर्नुपर्नेमा अन्यथा हुन गएकोले बाटोको लागि ३० फिट जग्गा छोडी कार्य अगाडी बढाउने निर्णय गरियो ।

७. योजना संशोधन सम्बन्धमा ।

निर्णयः तपसिल बमोजिमको योजनाहरू संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| क. सं | योजनाको नाम | ठेगाना | रकम | संशोधित योजनाको नाम | ठेगाना | रकम | योजना |
|---|---|---|---|---|---|---|---|
| १. | पंडितजीको घरदेखि छठीघाटसम्म बाटो ढलान तथा नाला निर्माण | कलैया-२३ | रु.५,००,०००।— (पाँच लाख मात्र) | नयका टोल बैराठपुरमा श्री ने.रा.आ.वि.देखि सागिर महम्मदको घरसम्म बाटो, नाला तथा स्लेव ढलान | कलैया-२३ | रु.४,००,०००।— (चार लाख मात्र) | वडा स्तरीय |
| | | | | भतौडा पोखरीको डिलमा रहेको पिपलको बोटमुनि चबुतरा निर्माण | कलैया-२३ | रु.१,००,०००।— (एक लाख मात्र) | वडा स्तरीय |

८. आर्थिक सहयोग सम्बन्धमा ।

निर्णयः तपसिल बमोजिमको व्यक्तिहरूलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

(क) कलैया-२१ को इजराईल मियालाई रु.१०,०००।—(दश हजार मात्र)

(ख) यस उपमहानगरपालिकाको पूर्व कर्मचारी श्री नर्सिङ्ग साहलाई रु.१५,०००।—(पन्ध्र हजार मात्र)

(ग) श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय (मदर्सा), कलैया-६, बारालाई रु.१८६००।—(अठार हजार छ सय मात्र) ।

९. शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने सम्बन्धमा ।

निर्णयः यस पालिका अन्तर्गत कार्यरत कर्मचारी तथा सामुदायिक विद्यालयका शिक्षकहरूको उत्साह, मनोबल बढाउन तथा कार्य सम्पादनमा प्रभावकारिता ल्याउनुको साथै उत्कृष्ट कार्य सम्पादन गर्नेलाई पुरस्कृत गरी सम्मान गर्न तथा अरु कर्मचारी\शिक्षकको लागि उदाहरणीय कार्य गर्न उत्प्रेरित गर्नको लागि उत्कृष्ट कार्य गर्ने शिक्षक, वडा सचिव तथा कर्मचारीको नाम छनौट गरी कार्यपालिकामा पेश गर्न तपसिल बमोजिमको सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

पुरस्कार सिफारिस समिति

| क.सं. | नाम | पद | सिफारिस समिति |
|---|---|---|---|
| १. | श्री नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| २. | श्री प्रहलाद प्रसाद वर्णवाल | उप-सचिव | सदस्य |
| ३. | श्री प्रेमचन्द्र जायसवाल | जन स्वास्थ्य अधिकृत | सदस्य |
| ४. | श्री दिव्या सर्राफ | लेखा अधिकृत | सदस्य |
| ५. | श्री दिवाकर झा | प्रशासन शाखा प्रमुख | सदस्य-सचिव |